# मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेडको

## विक्रम सम्बत् २०७७ साल पौष १३ गते (तदनुसार 28th December 2020) सोमबारका दिन चिलिमे जलविद्युत कम्पनी लि.को केन्द्रीय कार्यालय, धुम्वाराही, काठमाडौंबाट भर्चुअल- Google Meet मार्फत सम्पन्न भएको नवौं बार्षिक साधारण सभाको निर्णय पुस्तिका:

### १. पृष्ठभूमि:

मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेडको नवौं वार्षिक साधारण सभा मिति २०७७।०९।१३ गते तदनुसार 28th December 2020 सोमबारका दिन चिलिमे जलविद्युत कम्पनी लि.को केन्द्रीय कार्यालय, धुम्वाराही, काठमाडौंबाट भर्चुअल-गूगल मिट *(Google Meet ID: meet.google.com/zno-aszu-ses)* मार्फत सम्पन्न भयो। शारीरिक अस्वस्थताका कारण सञ्चालक समितिका अध्यक्ष श्री हरराज न्यौपानेज्यू उक्त सभामा भर्चुअल (अनलाइन) गूगल मिटमार्फत उपस्थित हुनुभयो भने अन्य सञ्चालक सदस्यज्यूहरु सभास्थलमा भौतिकरुपमा उपस्थित हुनुभयो। कम्पनी सचिवले सञ्चालक समितिका अध्यक्ष, सञ्चालकहरु, शेयरधनीहरु तथा कम्पनीका पदाधिकारीहरुलाई आशन ग्रहण गर्न अनुरोध गर्नुका साथै सबैलाई नवौं वार्षिक साधारण सभामा हार्दिक स्वागत गर्नु भयो। **सञ्चालक समितिका अध्यक्षज्यूको आज्ञाले साधारण सभाको सभापतित्व अध्यक्षज्यूको तर्फबाट सञ्चालक श्री लेखनाथ कोइरालाज्यूले गर्नु भएको थियो**। सोही अनुसार सभाका सभापतिज्यूले आ.ब.२०७६।०७७ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भयो। तत्पश्चात साधारण सभामा निर्धारित विषयहरुउपर छलफल तथा निर्णय भएको थियो। साधारण सभा बिहान ११:०० बजे शुरु भई निर्धारित विषयसूची अनुसारका विषयहरुमा छलफल तथा निर्णय गरी दिउँसो १:३० बजे सम्पन्न भएको थियो।

**साधारण सभाको सूचना तथा प्रकाशन:**

(क) नवौं वार्षिक साधारण सभाको सूचना, २०७७ साल आषाढ मसान्तको वासलात, आ.ब.२०७६।०७७ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरणसहितको आर्थिक विवरण र वार्षिक प्रतिवेदन सबै शेयरधनीहरुलाई कम्पनीमा उपलब्ध गराएको ठेगानामा पठाइएको थियो।

(ख) नवौं बार्षिक साधारण सभाको सूचना आर्थिक राष्ट्रिय दैनिकमा प्रथम पटक मिति २०७७।०८।१९ गतेका दिन तथा दोस्रो पटक मिति २०७७।०८।२१ गतेका दिन प्रकाशित गरिएको थियो।

### २. उपस्थिति:

**(क) संस्थागत शेयरधनीहरुको उपस्थिति:**

| क्र.सं. | शेयरवालाको विवरण | | प्रतिनिधिको नाम |
|---|---|---|---|
| १. | श्री चिलिमे जलविद्युत कम्पनी लि. | - | श्री नारायण प्रसाद आचार्य |
| २. | श्री नेपाल विद्युत प्राधिकरण | - | श्री गणेश प्रसाद लुइटेल |
| ३. | श्री नेपाल अरनिको हाइड्रोपावर कं.लि. | - | श्री सोनाम शेर्पा |
| ४. | श्री सिन्धुपाल्चोक हाइड्रोपावर कं.लि. | - | श्री गोविन्द प्रसाद पराजुली |
| ५. | श्री सिन्धु इन्भेष्टमेन्ट कं. प्रा. लि. | - | श्री दिनेश पौड्याल *(भर्चुअल-गूगल मिटमार्फत उपस्थित)* |
| ६. | श्री सिन्धु भोटेकोशी हाइड्रोपावर लि. | - | श्री गणेश श्रेष्ठ |



MBK JCL
ESTD. 2010

**(ख) अन्य शेयरधनीहरुको उपस्थिति:**

संस्थागत बाहेक हालसम्म शेयर बाँडफाँट भइसकेका अन्य शेयरधनीहरु (कर्मचारी सञ्चयकोषका सञ्चयकर्ता कर्मचारीहरु, संस्थापक संस्थाका कर्मचारीहरु र ऋणदाता संस्थाका कर्मचारीहरु) बाट ११ जनाको उपस्थिति भएको थियो।

**(ग) सञ्चालकहरुको उपस्थिति:**

| क्र.सं. | सञ्चालकहरुको नाम | पद विवरण |
|---|---|---|
| १. | श्री हरराज न्यौपाने | अध्यक्ष *(भर्चुअल-गूगल मिटमार्फत उपस्थित)* |
| २. | श्री लेखनाथ कोइराला | सञ्चालक |
| ३. | श्री तुलसी राम ढकाल | सञ्चालक |
| ४. | श्री ध्रुब भट्टराई | सञ्चालक |
| ५. | श्री माधव सापकोटा | सञ्चालक |
| ६. | श्री सुभाष कुमार मिश्र | सञ्चालक |

**(घ) श्री कम्पनी रजिष्ट्रारको कार्यालयका प्रतिनिधिहरुको उपस्थिति:**

| क्र.सं. | प्रतिनिधिको नाम |
|---|---|
| १. | श्री दिवाकर शर्मा |
| २. | श्री कमल निरौला |

**(ङ) पदाधिकारी एवं अधिकृतहरुको उपस्थिति:**

| क्र.सं. | कर्मचारीहरुको नाम | पद विवरण | |
|---|---|---|---|
| १. | श्री विजयलाल श्रेष्ठ | प्राविधिक प्रबन्धक | *(भर्चुअल-गूगल मिटमार्फत उपस्थित)* |
| २. | श्री मुरली प्रसाद शर्मा | कानूनी सल्लाहकार | *(भर्चुअल-गूगल मिटमार्फत उपस्थित)* |
| ३. | श्री सूर्यनाथ भुर्त्याल | निर्माण महाशाखा प्रमुख (नि.आयोजना प्रमुखसमेत) | |
| ४. | श्री राम प्रसाद सिलवाल | योजना तथा करार प्रशासन महाशाखा प्रमुख | *(भर्चुअल-गूगल मिटमार्फत उपस्थित)* |
| ५. | श्री भरत शमसेर भट्टराई | कम्पनी सचिव | |

**३. सभामा छलफलका लागि प्रस्ताव गरिएका विषयहरु:**

साधारण सभामा निम्न विषयहरू छलफल तथा निर्णयका लागि प्रस्तुत गरिएका थिए:

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूबाट आ.ब. २०७६।०७७ को बार्षिक प्रतिवेदनको प्रस्तुति र सो को स्वीकृति।

(२) लेखापरीक्षण प्रतिवेदनसहित २०७७ साल आषाढ मसान्तको वासलात र आर्थिक वर्ष २०७६।०७७ को आय विवरण तथा नगद प्रवाह विवरण र अनुसूचीहरू सहितको वित्तीय विवरणहरूमा छलफल गरी पारित गर्ने।

(३) आ.ब.२०७७।०७८ को हिसाब लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने।

(४) **विशेष प्रस्ताव:**
विभिन्न संघ संस्थाहरुलाई आर्थिक सहायता दिइएको रकम अनुमोदन सम्बन्धमा।

(५) विविध।



MBK JCL
ESTD. 2010

### ४. सभाको बैधानिकता:

साधारण सभा कम्पनी सचिवले कम्पनी ऐन, २०६३ मा भएको प्राबधान तथा कम्पनीको नियमावली बमोजिम बोलाइएको र सभा संचालन गर्नको लागि निर्दिष्ट गणपूरक संख्या (बाँडफाँट भएको कूल शेयर संख्याको कम्तिमा ५१% प्रतिनिधित्व हुनेगरी कुल शेयरधनीहरुमध्ये कम्तिमा तीनजना शेयरधनीहरु स्वयं वा आफ्नो प्रतिनिधिमार्फत उपस्थित भएको अवस्था) पुगेको कुरा जानकारी गराउँदै सभा प्रारम्भ गर्न अनुमति माग गर्दा उपस्थित शेयरधनीहरुको सभाबाट गणपूरक संख्या पुगेको र सभा रीतपूर्वक बोलाइएको ठहर गरी विधिवतरुपमा सभा संचालन गर्ने निर्णय भयो। सञ्चालक समितिका अध्यक्षज्यूको आज्ञाले अध्यक्षज्यूको तर्फबाट यस साधारण सभाको सभापतित्व सञ्चालक समितिका सदस्य श्री लेखनाथ कोइरालाज्यूले गर्नुहुने कुरा पनि सभामा जानकारी गराइयो। त्यसपछि विषयसूची अनुसार सभाको कार्यक्रम प्रारम्भ भयो।

**<u>शेयरधनी महानुभावहरुको उपस्थिति तथा गणपूरक संख्याको विवरण :</u>**

| शेयरधनी किसिम | बाँडफाँट भएको शेयरको | | | उपस्थित भएका शेयरधनीहरुको | | | |
|---|---|---|---|---|---|---|---|
| | शेयरधनी संख्या | शेयर कित्ता | शेयर रकम (रु. हजारमा) | शेयरधनी संख्या | शेयर कित्ता | शेयर रकम (रु.हजारमा) | उपस्थिति प्रतिशत |
| संस्थापक सेयरधनीहरू | ६ | ३,०६,००,००० | ३,०६,००,०० | ६ | ३,०६,००,००० | ३,०६,००,०० | ६८ |
| कर्मचारी संचयकोषका संचयकर्ताहरु | १,३९,७७८ | १,१७,००,००० | १,१७,००,०० | | | | |
| संस्थापक संस्थाका कर्मचारीहरु | ८,४३९ | २१,००,००० | २१,००,०० | | | | |
| कर्मचारी संचयकोषका कर्मचारीहरु | ६१२ | ६,००,००० | ६,००,०० | ११ | २,७८० | २,७८ | ०.००६२ |
| जम्मा: | १,४८,८३५ | ४,५०,००,००० | ४,५०,००,०० | १७ | ३,०६,०२,७८० | ३,०६,०२,७८ | ६८.००६२ |

यस कम्पनीका जम्मा ६(छ) संस्थागत शेयरधनीहरु रहेकोमा सबै संस्थागत शेयरधनीहरुले मनोनयन गरेका ६ जना प्रतिनिधिहरु र अन्य शेयरधनीहरुबाट ११ जना शेयरधनीहरुको उपस्थिति रहेको थियो।

### ५. सभा संचालन तथा प्रस्तावउपर छलफल:

विषय सूची अनुसार साधारण सभाको कार्यक्रम संचालन गर्न अध्यक्षज्यूबाट अनुमति प्राप्त भएपछि कम्पनी सचिवले सभाका सभापति सञ्चालक समिति सदस्य श्री लेखनाथ कोइरालाज्यूलाई कम्पनीको वार्षिक प्रतिवेदन सभासमक्ष प्रस्तुत गर्न अनुरोध गर्नु भयो। तत्पश्चात अध्यक्षज्यूका आज्ञाले सभाका सभापतिज्यूले सञ्चालक समितिका तर्फबाट आ.ब. २०७६।०७७ को वार्षिक प्रतिवेदन साधारण सभासमक्ष प्रस्तुत गर्नु भयो। सभापतिज्यूबाट वार्षिक प्रतिवेदन प्रस्तुत भएपछि शेयरधनीहरुलाई सो प्रतिवेदन तथा उहाँहरुलाई उपलब्ध गराइएको लेखापरीक्षण प्रतिवेदनउपर आफ्नो राय, प्रतिक्रिया तथा सुझाव राख्न तथा सो सम्बन्धमा छलफल गर्न अनुरोध गरिएको थियो। यसरी आफ्नो राय, प्रतिक्रिया तथा सुझाव राख्ने शेयरधनी प्रतिनिधिहरुमा (१) श्री गोविन्द प्रसाद पराजुली (२) श्री दिनेश पौड्याल (३) श्री गणेश प्रसाद लुइटेल हुनुहुन्थ्यो।

**<u>(१) श्री गोविन्द प्रसाद पराजुली :</u>**

कम्पनीको नवौं वार्षिक साधारण सभामा सिन्धुपाल्चोक हाइड्रोपावर कम्पनी लि.का प्रतिनिधि श्री गोविन्द प्रसाद पराजुलीले कम्पनीको बार्षिक प्रतिवेदन एवं आर्थिक विवरणउपर धारणा राख्नु हुँदै आफ्ना भनाईहरु यसरी राख्नु भयो:



MBK JC ESTD. 2010

मध्य भोटेकोशी जलविद्युत आयोजना निर्माण कार्यको गतिलाई विभिन्न प्रकारका प्रकोपले अवरुद्ध गरेको व्यहोरा जानकारी रहेको उल्लेख गर्दै आयोजनाले अपेक्षित गति लिन नसक्दा स्थानीय लगानीकर्ताहरुबाट गठित स्थानीय संस्थापक संस्थाहरुलाई बढी दबाब परेको व्यहोरा अवगत गराउनु भयो। विभिन्न प्राकृतिक प्रकोपको सामना गर्दै सोको अनुभवको आधारमा आयोजना यथासक्य छिटो युद्धस्तरमा सम्पन्न गर्न सुझाव दिनुभयो। साथै निष्काशन गर्न बाँकी रहेका आयोजना प्रभावित सिन्धुपाल्चोक जिल्लाका स्थानीय बासिन्दा र सर्वसाधारणलाई छुट्टाइएका शेयरहरु समेतको शीघ्र सार्वजनिक निष्काशन गर्न आग्रह गर्नुभयो। आयोजनाको संशोधित निर्माण कार्यतालिका समाप्त हुन लागेको सन्दर्भमा थप गर्नुपर्ने संशोधित कार्यतालिका ६ (छ) महिना देखि १ (एक) बर्ष भन्दा बढी नबढाइयोस भन्ने माग राख्नु भयो। हालै कम्पनीको व्यवस्थापकीय तहमा भएका केही फेरबदल/परिवर्तनहरुले सबै कर्मचारीहरूलाई समेटी आयोजना निर्माण कार्यलाई चुस्त/दुरुस्त गतिमा लान सकोस भन्ने आशा राख्नुभयो।

अन्तमा आयोजना निर्माणका EPC मोडेल लगायतका मुख्य ठेक्काहरुमा सबै कार्य ठेकेदारले गरेर दिनुपर्छ, सम्पूर्ण दायित्व ठेकेदारको नै हो भन्ने मानसिकता नराखी कम्पनी व्यवस्थापन वाचडगको रुपमा मात्र नभई निर्माण कार्यमा ठेकेदारलाई पर्न आउने समस्या, व्यवधान, अवरोधहरुलाई फुकाउन कम्पनीले सबै पाटाहरुलाई संयोजन गर्दै साझेदारको रुपमा समन्वयकारी भूमिका निर्वाह गरी आयोजना निर्माण कार्यलाई गति दिनुपर्ने सुझावसमेत दिनु भयो।

**<u>(२) दिनेश पौड्याल:</u>**

कम्पनीको नवौं वार्षिक साधारण सभामा सिन्धु इन्भेष्टमेन्ट कम्पनी प्रा. लि.का प्रतिनिधि श्री दिनेश पौड्यालले बार्षिक प्रतिवेदनउपर भर्चुअल-गूगल मिटमार्फत आफ्नो धारणा राख्नु हुँदै आयोजना प्रभावित सिन्धुपाल्चोक जिल्लाका स्थानीय बासिन्दा र सर्वसाधारणलाई छुट्टाइएका शेयरहरु समेतको शीघ्र सार्वजनिक निष्काशन गर्दा कम्पनीलाई नगद प्रवाहको सहज व्यवस्थापन हुने र ऋणको भारसमेत नपर्ने तर्क राख्नु भयो। मध्य भोटेकोशी जलविद्युत आयोजनामा शेयर लगानी गर्ने उद्देश्यकासाथ स्थापित स्थानीय ४ वटा कम्पनीलाई मध्य भोटेकोशी जलविद्युत कम्पनीमा मर्ज/समाहित गर्ने व्यवस्थाका लागि यस अघिका बार्षिक साधारण सभाहरुसमेतमा उठाउँदै आएको विषयको स्मरण गराई सो विषयमा ध्यान दिन अनुरोध गर्नुभयो।

**<u>(३) श्री गणेश प्रसाद लुइटेल:</u>**

कम्पनीको नवौं वार्षिक साधारण सभामा नेपाल विद्युत प्राधिकरणका प्रतिनिधि श्री गणेश प्रसाद लुइटेलले मध्य भोटेकोशी जलविद्युत आयोजना समय मै छिटो सम्पन्न गर्दा आयोजनासँग सम्बन्धित सबै पक्षलाई हितकर हुने राय व्यक्त गर्नुभयो।

**६. अध्यक्षज्यूका तर्फबाट साधारण सभाका सभापतिज्यूको जवाफः**

सञ्चालक समितिका अध्यक्ष श्री हरराज न्यौपानेज्यूको तर्फबाट साधारण सभाका सभापति श्री लेखनाथ कोइरालाज्यूले संस्थापक शेयरधनी संस्थाका प्रतिनिधिहरुले यस नवौं बार्षिक साधारण सभामा राख्नु भएका जिज्ञासा/सुझावहरुको जवाफ दिने क्रममा शेयरधनी संस्थाहरुको तर्फबाट यस कम्पनी र आयोजना निर्माण कार्यमा प्राप्त भइरहेको सहयोग र सदभावका लागि आभार व्यक्त गर्नुहुँदै शेयरधनी संस्थाका प्रतिनिधिहरुबाट प्राप्त सल्लाह सुझावहरुलाई कम्पनीले मार्गदर्शनका रुपमा ग्रहण गर्ने आश्वासनसहित उहाँहरुले राख्नु भएका जिज्ञासाहरुमा निम्नानुसार स्पष्ट पार्नु भएको थियो:

मध्य भोटेकोशी जलविद्युत आयोजनाको निर्माण कार्य विभिन्न प्राकृतिक प्रकोपबाट प्रभावित भएकोमा कोभिड-१९ तथा २०७७।०३।२४ को बाढीले थप असर पारी आयोजना निर्धारित समयमा सम्पन्न हुन नसकेको व्यहोरा स्पष्ट पर्नुभयो। साथै



MBK JCI ESTD. 2010

राजधानीबाट आयोजना निर्माण स्थल पहुँचको सहजताको वाबजुदसमेत सिभिल ठेकेदारको कार्य सम्पादन राम्रो नहुँदा आयोजना निर्माण कार्यले अपेक्षित गति लिन नसेको व्यहोरासमेत प्रकाश पर्नुभयो।

आयोजनाको संशोधित निर्माण कार्यतालिका समाप्त हुन लागेको सन्दर्भमा थप गर्नुपर्ने संशोधित कार्यतालिका ६ (छ) महिना देखि १ (एक) बर्ष सम्म मात्र बढाइयोस भन्ने सुझावमा सञ्चालक समितिको समेत सोही धारणा रहेको व्यहोरा व्यक्त गर्नुभयो। आयोजना निर्माण कार्यलाई थप गति दिन आयोजना कार्यान्वयन अनुगमन समिति (Project Implementation Monitoring Committee, PIMC) र कम्पनी व्यवस्थापन निरन्तर लागि परेको समेत सञ्चालक समितिको तर्फबाट अवगत गराउनु भयो।

बाँकी रहेका सार्वजनिक निष्काशनहरु यथासक्य चाँडो सम्पन्न गर्नुपर्ने सुझावमा उक्त निष्काशनको स्वीकृतिको लागि नेपाल धितोपत्र बोर्डबाट प्राप्त टिप्पणी (Third Comments) अनुसार विवरणपत्र अद्यावधिक गरी बुझाउने कार्य प्रक्रियामा रहेको तथा सो बोर्डबाट स्वीकृति प्राप्त हुनासाथ छिटो भन्दा छिटो सार्वजनिक निष्काशन गरी रकम संकलन गरिने व्यहोरा जानकारी गराउनु भयो।

केही थप विषयमा प्रकाश पार्न एवं निर्देशन हुनका लागि सभाका सभापतिज्यूले अध्यक्षज्यूसमक्ष अनुरोध गर्नुभयो। निर्माण कार्य सम्बन्धी संस्थापक शेयरधनी संस्थाका प्रतिनिधिहरुको जिज्ञासा प्रति सञ्चालक समिति चिन्तित रहेको र आयोजनाको निर्माण कार्यलाई थप ६ (छ) महिना देखि बढी १ (एक) बर्ष भित्र सम्पन्न गर्न आयोजनाका ठेकेदारबाट गहन प्रतिबद्धता र अठोट प्राप्त गर्नु अनिवार्य रहेको अवगत गराउँदै सो बमोजिम आयोजनालाई गति दिन आयोजनाका ठेकदार र परामर्शदाताबाट संयुक्त समष्टिगत ठोस कार्ययोजना तयार गर्न लगाई सोलाई कार्यान्वयन गर्न व्यवस्थापनलाई निर्देशन दिनुको साथै सो प्रति सञ्चालक समितिसमेत प्रतिबद्ध रहेको व्यहोरा पनि अध्यक्षज्यूले भर्चुअल- गूगल मिटमार्फत अवगत गराउनु भयो।

**७. निर्णयहरु:**

छलफलको क्रम समाप्त भएपछि कम्पनी सचिवद्धारा पूर्वनिर्धारित प्रस्तावहरु निर्णयार्थ सभा समक्ष प्रस्तुत गरियो। उक्त सभामा प्रस्तुत निम्न प्रस्तावमा निम्न बमोजिम निर्णय भयो:

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको आज्ञाले सभाका सभापतिज्यूले प्रस्तुत गर्नु भएको आ.ब.२०७६।०७७ को वार्षिक प्रतिवेदनउपर छलफल भई त्यसमा उठेका प्रश्न तथा जिज्ञासा स्पष्ट गरी सकिएकोले उक्त प्रतिवेदन पारित गर्न प्रस्ताव गरिएकोमा सभाबाट उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित भयो।

(२) लेखापरीक्षकको प्रतिवेदनसहित कम्पनीको २०७७ साल आषाढ मसान्तको वासलात र आ.ब. २०७६।०७७ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाहसहितको आ.ब.२०७६।०७७ को आर्थिक विवरण साधारण सभाको विषयसूचीसंगै शेयरधनीहरुलाई उपलब्ध गराइएको र उक्त विवरणहरुउपर छलफलसमेत भइसकेकोले पारित गरिदिनका लागि सभासमक्ष प्रस्ताव गरिएकोमा आ.ब.२०७६।०७७ आर्थिक विवरणहरु प्रस्तुत गरिएबमोजिम नै सर्वसम्मतिबाट पारित भयो।

(३) यस कम्पनीको आ.ब.२०७७।०७८ को हिसाबको लेखापरीक्षणका लागि श्री महालेखापरीक्षकको कार्यालयबाट चार्टर्ड एकाउण्टेण्ट श्री हरी कुमार सिलवाललाई नियुक्ति गर्न परामर्श दिई पठाइएअनुसार निजले आफू संलग्न चार्टर्ड एकाउण्टेण्ट फर्म श्री एच.के.सि.ए. एशोसियट्स, चार्टर्ड एकाउण्टेण्ट्स, पुतलीसडक. काठमाडौंका तर्फबाट लेखापरीक्षणका लागि पेश गर्नुभएको प्रस्ताव बमोजिम लेखापरीक्षण समितिको मिति २०७७।०८।२५ को बैठकबाट सिफारिस भई आए अनुसार सञ्चालक समितिको मिति २०७७।०८।२९ को २२९औं बैठकले निजलाई लेखापरीक्षक नियुक्ति गर्ने सम्बन्धमा गरेको सिफारिसको जानकारी गराउँदै आ.ब.२०७७।०७८ को हिसाब



MBK JCL
ESTD. 2010

लेखापरीक्षण गर्न चार्टर्ड एकाउण्टेण्ट फर्म श्री एच.के.सि.ए. एशोसियट्स, चार्टर्ड एकाउण्टेण्ट्स, पुतलीसडक. काठमाडौंसम्बद्ध सि.ए. हरी कुमार सिलवाललाई प्रस्ताव गर्ने निर्णय गरेको व्यहोरा सभासमक्ष प्रस्तुत गरियो। निज लेखापरीक्षकको पारिश्रमिक सम्बन्धमा मूल्य अभिबृद्धि करबाहेक रु.१,७८,०००।– (अक्षरेपी एक लाख अठहत्तर हजार मात्र) निर्धारण हुनुपर्ने भनी सञ्चालक समितिबाट सिफारिस भएको कुरा पनि सभामा जानकारी गराइयो। प्रस्तुत प्रस्तावउपर छलफल हुँदा आ.ब. २०७७।०७८ का लागि कम्पनीको हिसाब किताब लेखापरीक्षण गर्न प्रस्ताव गरिएबमोजिम चार्टर्ड एकाउण्टेण्ट फर्म श्री एच.के.सि.ए. एशोसियट्स, चार्टर्ड एकाउण्टेण्ट्स, पुतलीसडक. काठमाडौंसम्बद्ध सि.ए. हरी कुमार सिलवाललाई लेखापरीक्षकमा नियुक्त गर्ने र लेखापरीक्षण शुल्कवापत मू.अ.करबाहेक रु.१,७८,०००।– (अक्षरेपी एक लाख अठहत्तर हजार मात्र) तोक्ने प्रस्ताव सर्वसम्मतिबाट पारित भयो।

(४) **विशेष प्रस्तावः**

आ.ब. २०७६।०७७ मा विभिन्न संघ संस्थालाई जम्मा रु.१,५०,०००।– (अक्षरेपी एक लाख पचास हजार मात्र) आर्थिक सहायता उपलब्ध गराएको हिसाब अनुमोदनका लागि यस सम्मानित सभामा निर्णयार्थ प्रस्ताव पेश गरिएकोमा सो प्रस्ताव सर्वसम्मतिबाट पारित भयो।

(५) **विविधः** विविधमा कुनै प्रस्ताव नआएको।

## ८. प्रस्तावहरु पारित भएको घोषणा, धन्यबाद ज्ञापन तथा साधारण सभा समापन भएको उद्घोषण:

अध्यक्षज्यूको आज्ञाले सभाका सभापतिज्यूले यस नवौं बार्षिक साधारण सभामा प्रस्तुत गरिएका सबै प्रस्तावहरु सर्वसम्मतिबाट पारित भएको घोषणा गर्नुहुँदैं उक्त प्रस्तावहरु पारित गरिदिनु भएकोमा शेयरधनी संस्थाका प्रतिनिधिहरुलाई हार्दिक धन्यबाद व्यक्त गर्नु भयो।

त्यसैगरी सभाका सभापतिज्यूले बार्षिक साधारण सभा सफल बनाउन सभामा उपस्थित शेयरधनी संस्थाका प्रतिनिधिहरु, अन्य शेयरधनीहरु, सञ्चालकहरु, कम्पनी रजिष्ट्रार कार्यालयका प्रतिनिधि, अन्य अतिथिहरु तथा कर्मचारीहरुमा अध्यक्षज्यूको तर्फबाट हार्दिक आभार एवं धन्यवाद व्यक्त गर्नुहुँदै यो नवौं बार्षिक साधारण सभा समापन भएको उद्घोषण गर्नुभयो।

माथि उल्लेखित विवरणहरु नवौं बार्षिक साधारण सभाको काम कारबाहीको यथार्थ अभिलेख हो।

उक्त सभाको औपचारिक कार्यक्रम अपरान्ह १:३० बजे सम्पन्न भएको थियो।

MBK JCL
ESTD. 2010
मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड

| | |
|---|---|
| ............................ | ........................ |
| (भरत शमसेर भट्टराई) | (हरराज न्यौपाने) |
| कम्पनी सचिव | अध्यक्ष |